नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा.मन्त्रिज्यूबाट स्वीकृत मितिः २०८३/५/५

# छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३

छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ को दफा ८ मा संशोधनः** छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ (यस पछि "मूल कार्यविधि भनिएको) को दफा ८ को उपदफा (१) मा रहेको "परेका" भन्ने शब्दहरु पछि "र बोर्डमा सूचीकरण तथा नवीकरण भएका" भन्ने शब्दहरु थप गरिएका छन्।

३. **मूल कार्यविधिको दफा १५ मा संशोधनः**

(१) मूल कार्यविधिको दफा १५ को उपदफा (२) रहेको "वा कुनै पत्रपत्रिकाको नाम परिवर्तन भएमा" भन्ने शब्दहरु झिकिएका छन्।

(२) मूल कार्यविधिको दफा १५ को उपदफा (३) झिकिएको छ।

४. **मूल कार्यविधिको दफा १६ मा संशोधनः** मूल कार्यविधिको दफा १६ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

५. **मूल कार्यविधिको दफा १७ मा संशोधनः** मूल कार्यविधिको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

निमित्त सचिव

"१७. **<u>लोककल्याणकारी विज्ञापन प्रकाशनको रकम भुक्तानी दर:</u>** लोककल्याणकारी विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरिने रकमको मासिक दर अनुसूची-२ बमोजिम हुनेछ।"

६. **<u>मूल कार्यविधिको दफा २४ मा संशोधन:</u>**

मूल कार्यविधिको दफा २४ को खण्ड (ग) मा रहेका "अङ्कसहित प्रकाशन भएका पत्रपत्रिकाका " भन्ने शब्दहरु झिकिएका छन्।

७. **<u>मूल कार्यविधिको दफा २७ मा संशोधन:</u>** मूल कार्यविधिको दफा २७ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छ:-

"(३) एउटा स्थायी लेखा नम्बरबाट एक भन्दा बढी पत्रपत्रिका सञ्चालन वा प्रकाशन भएको भए एकमात्र पत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी गरिनेछ।"

निमित्त सचिव

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरवार, काठमाडौं

## अनुसूची-२
## दफा १७ सँग सम्बन्धित

**(क) राष्ट्रियस्तरको वर्गीकरणमा परेका पत्रपत्रिकाः**

| राष्ट्रिय दैनिक | | राष्ट्रिय अर्ध साप्ताहिक/साप्ताहिक | | राष्ट्रिय पाक्षिक | | राष्ट्रिय मासिक/द्धैमासिक/त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|
| वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. |
| क वर्ग | ३५२००.० | क वर्ग | २५०००.० | क वर्ग | १६०००.० | क वर्ग | १२८००.० |
| ख वर्ग | २८२००.० | ख वर्ग | २००००.० | ख वर्ग | १२८००.० | ख वर्ग | १०२००.० |
| ग वर्ग | २२५००.० | ग वर्ग | १६०००.० | ग वर्ग | १०२००.० | ग वर्ग | ८२००.० |
| घ वर्ग | १८०००.० | घ वर्ग | १२८००.० | घ वर्ग | ८२००.० | घ वर्ग | ६६००.० |

**(ख) प्रदेशस्तरको वर्गीकरणमा परेका पत्रपत्रिकाः**

| प्रदेश दैनिक | | प्रदेश अर्ध साप्ताहिक/साप्ताहिक | | प्रदेश पाक्षिक | | प्रदेश मासिक/द्धैमासिक/त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|
| वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. |
| क वर्ग | २८२००.० | क वर्ग | २००००.० | क वर्ग | १२८००.० | क वर्ग | १०२००.० |
| ख वर्ग | २२५००.० | ख वर्ग | १६०००.० | ख वर्ग | १०२००.० | ख वर्ग | ८२००.० |
| ग वर्ग | १८०००.० | ग वर्ग | १२८००.० | ग वर्ग | ८२००.० | ग वर्ग | ६६००.० |
| घ वर्ग | १४४००.० | घ वर्ग | १०२००.० | घ वर्ग | ६६००.० | घ वर्ग | ५३००.० |

**(ग) स्थानीयस्तरको वर्गीकरणमा परेका पत्रपत्रिकाः**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरवार, काठमाडौं

| स्थानीय दैनिक | | स्थानीय अर्ध साप्ताहिक/साप्ताहिक | | स्थानीय पाक्षिक | | स्थानीय मासिक/द्वैमासिक/त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|
| वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. | वर्ग | मासिक दर रु. |
| क वर्ग | २२५००.० | क वर्ग | १६०००.० | क वर्ग | १०२००.० | क वर्ग | ८२००.० |
| ख वर्ग | १८०००.० | ख वर्ग | १२८००.० | ख वर्ग | ८२००.० | ख वर्ग | ६६००.० |
| ग वर्ग | १४४००.० | ग वर्ग | १०२००.० | ग वर्ग | ६६००.० | ग वर्ग | ५३००.० |
| घ वर्ग | ११५००.० | घ वर्ग | ८२००.० | घ वर्ग | ५३००.० | घ वर्ग | ४२००.० |

**(घ) पञ्चाङ्ग पात्रो एकमुष्ठ बार्षिकः ३५२००.०**

निमित्त सचिव